## कालीमाटी गाउँ कार्यपालिकाको १८औं बैठक

आज मिति २०८१।२।२८ गतेका दिन विहान ८.०० बजेको समयमा कालिमाटी गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर खत्रि के.सी. ज्यूको अध्यक्षतामा तपसिल बमोजिम पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल भै देहाय बमोजीमका निर्णयहरु गरियो।

### उपस्थितिः

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दान बहादुर खत्रि के.सी. | अध्यक्ष | |
| २ | श्री सनसिल्ता वली डि.सी. | उपाध्यक्ष | |
| ३ | श्री कृष्ण प्रसाद पौड्याल | सचिव | |
| ४ | श्री रविलाल बस्नेत | कार्यपालिका सदस्य | |
| ५ | श्री ईन्द्र बहादुर वली | कार्यपालिका सदस्य | |
| ६ | श्री शिव बहादुर खत्रि | कार्यपालिका सदस्य | |
| ७ | श्री वेल बहादुर चन्द | कार्यपालिका सदस्य | |
| ८ | श्री टोप बहादुर कार्की | कार्यपालिका सदस्य | |
| ९ | श्री टेकराज पुलामी मगर | कार्यपालिका सदस्य | |
| १० | श्री मित्रलाल रिजाल | कार्यपालिका सदस्य | |
| ११ | श्री सुमित्रा राना | कार्यपालिका सदस्य | |
| १२ | श्री लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री टंकी परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री डिल्ली कामी | कार्यपालिका सदस्य | |
| १५ | श्री तिल कुमारी कामी | कार्यपालिका सदस्य | |
| १६ | श्री विष्णु वली राजी | कार्यपालिका सदस्य | |

### आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | श्री यज्ञ बहादुर खत्री | अधिकृत छैठौं | |
| २ | श्री दिप बहादुर वली | एमआईएस अपरेटर | |
| ३ | श्री छविलाल खत्रि | कार्यालय सहयोगी | |

**प्रस्तावहरु:**

१ अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२ पोषण मैत्री कार्यक्रम सम्बन्धमा ।

३ मुख्यमन्त्री रोजगार परियोजना छनौट सम्बन्धमा ।

४ घर जगाको न्यूनतम मुल्याङ्कन सम्बन्धमा ।

५ आगामी गाउँसभाको तयारी सम्बन्धमा ।

६ रकमान्तर सम्बन्धमा ।

७ आवधिक योजना सम्बन्धमा ।

२०८१/१२/२८

CamScanner

**निर्णयहरु**

**निर्णय नं. १**

कालिमाटी गाउँपालिका गाउँ कार्यपालिकाको १७ औं बैठकले गरेका निर्णयहरुको समिक्षा गरियो । निर्णयहरु कार्यान्वयको चरणमा रहेका र बाँकी कार्यहरु पूर्णरुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

वडा नं ५ मा संचालनमा रहेको पोषणमैत्रि कार्यक्रमबाट उक्त वडालाई पोषणमैत्री वडा घोषणा गर्न आवश्यक पर्ने सम्पुर्ण सुचकहरु पुरा गरेको भनि पालिकास्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिले निर्णय गरेको र सो सम्बन्धमा जिल्लास्तरिय अनुगमन तथा सिफारिस समितिबाट मिति २०८१।२।२४ गते सिफारिस समेत भै आएकोले पोषणको स्थिति र वस्तुगत विवरणलाई सार्वजनिक गर्ने र यस कालीमाटी गाउँपालिका वडा नं ५ लाई पोषण मैत्री वडा घोषणा गर्ने कार्यक्रम मिति २०८१।०२।३१ गते आयोजना गर्ने र सो कार्यक्रममा माननीय प्रतिनिधि सभा सदस्य, माननीय प्रदेश सभा (ख) सदस्य, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कर्णाली प्रदेश योजना आयोग, कर्णाली प्रदेश आन्तरिक मामिला तथा योजना मन्त्रालय, जिल्ला समन्वय समिति सल्यान, जिल्लास्थित सवै स्थानीय तहका प्रमुख तथा अध्यक्ष, छिमेकी पालिकाहरु गुर्भाकोट नगरपालिका र बबई गाउँपालिका तथा प्रमुख जिल्ला अधिकारीहरुलाई निमन्त्रणा गर्ने भनि सर्वसम्मत रुपमा निर्णय गरियो ।

**निर्णय नं ३**

आर्थिक बर्ष २०८१/८२ को लागि मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडाहरुबाट छनौट भै आएका तपसिल बमोजिमका परियोजनाहरुलाई अनुमोदन गरी पठाउने निर्णय गरियो ।

| क्र.सं. | परियोजनाको नाम | वडा नं | बजेट रु |
|---|---|---|---|
| १ | लामो सिंचाई कुलो निर्माण | वडा नं १ | १५०००००। |
| २ | धागे छहरा खैरीखोला सिंचाई | वडा नं. २ | १५००००। |
| ३ | घट्टेतरा सिंचाई कुलो निर्माण | वडा नं ३ | १५०००००। |
| ४ | असुरेनी खोप केन्द्र भवन निर्माण | वडा नं ४ | १५०००००। |
| ५ | ५ नं. वडा कार्यालय फिल्ड मर्मत तथा पर्खाल निर्माण | वडा नं ५ | १५०००००। |
| ६ | हात्तिढुङ्गा सिंचाई कुलो निर्माण | वडा नं ६ | १५०००००। |
| ७ | बनगाउँ स्वामिवास सडक स्तरोउन्नति | वडा नं ७ | १५०००००। |

CamScanner

**निर्णय नं ४**

आर्थिक बर्ष २०८१/०८२ मा प्रचलित कानून बमोजिम मालपोत कार्यालय सल्यानमा रजिष्ट्रेशन पारित हुने लिखतमा थैली अंक कायम गर्ने प्रयोजनका लागि घर जगाको न्यूनतम मुल्याङ्कन गर्नको लागि राय सुझाव उपलब्ध गराईदिने भनि मालपोत कार्यालय सल्यानको च.नं.२१०२ मिति २०८१।०२।०६ को पत्र प्राप्त भएको सम्बन्धमा छलफल गर्दा मालपोत कार्यालयले प्रकाशन गरेको आ.व. २०८०/८१ को जग्गा रजिष्ट्रेशन प्रयोजनको लागि जगाको न्यूनतम मुल्याङ्कनमा केहि परिमार्जन आवश्यक भएकोले अन्य जगाको हकमा सोही बमोजिम कायम हुने गरी सडक क्षेत्रमा पर्ने जगाको देहाय बमोजिम मुल्याङ्कन कायम गर्न सिफारिस गर्ने निर्णय गरियो:

क) सुर्खेत तुल्सीपूर सडकको राजीगाउँ बजार क्षेत्रमा प्रति व.मि. रु ६०६०।
ख) सुर्खेत तुल्सीपूर सडकको खहरे खोला देखि ढोरेनि पुल्चोक सम्म प्रति व.मी. रु ३५००।
ग) सुर्खेत तुल्सीपूर सडकको पातिहाल्नी, सेति खोला, दारेढुँगा, झिगाने, सिमलकुना र डिमिरे क्षेत्रमा प्रति व.मि. रु ३०००।
घ) सुर्खेत तुल्सीपूर सडकको घुरचौर र असुरेनि क्षेत्रमा प्रति व.मि. रु २०००।
ङ) सुर्खेत तुल्सीपूर सडकको टटेली क्षेत्रमा प्रति व.मि. रु १५००।
च) सुर्खेत तुल्सीपूर सडकको काल्चे डाँडा क्षेत्रमा प्रति व.मि. १५००।
छ) पुलचोक ढोरेनि देखि सिमलचोक सल्यान सडकमा प्रति व.मि. रु ३०००।
ज) स्वास्थ्य कार्यालय देखि गाउँपालिका हुँदै तल्लो मन्दिर क्षेत्रमा भित्रिसडकमा प्रति व.मि. रु ४०००।
झ) पुतली बजार हुँदै पातिहाल्ना सम्म भित्रि सडकमा प्रति व.मि. रु २५००।
ञ) सल्यान बाँके सडकको झिगाने चोक देखि डिमिरे, खैरेनी, पिपले, पुरुवाखेत क्षेत्रमा सडक खण्ड आसपासमा रु १२००
ट) वडा नं.२ घुम्ती टाट्के र घुम्ती कुन्ढीक कैने सडक दायाँ वायाँ प्रति वर्ग मीटर रु ७५०।
ठ) वडा नं. २ चण्डीमारा सिमलतरा सडक खण्ड प्रति वर्ग मिटर रु ७५०।
ड) मिलन चोक मुलपानी सुकेताल झिगाने सडक आसपासमा प्रति वर्ग मिटर रु ७५०।
ढ) वडा नं ३ दलपूरे दानीगौडा सडक आसपासमा प्रति वर्ग मीटर रु ७५०।
ण) वडा नं ६ वालुवा छिन्चु सडक खण्डको ढाकाखोली देखि मा. वि. सम्म प्रति वर्ग मीटर रु १०००।
त) वडा नं ७ को घुईयाबारी रिङ्गरोड र वडा कार्यालय सडक –याङ सडक आसपास प्रति वर्ग मिटर रु ७५०।
थ) माथि उल्लेख भएका बाहेकका पालिका भित्रका अन्य भित्रि सडक आसपास प्रति वर्ग मीटर रु ४५०।

**निर्णय नं ५**

आगामी गाउँसभाको लागि विषयगत समितिहरुको बैठक बसी आवश्यक तयारी गर्ने र मिति २०८१।०२।३२ गते कार्यपालिकाको बैठक बस्ने निर्णय गरियो।

**निर्णय नं. ६**

पोषणमैत्री स्वास्थ्य संस्था तथा पोषणमैत्री वडा घोषणाको लागि मिति २०८१।०२।३१ गते कालिमाटी गाउँपालिका वडा नं. ५ लाई पोषणमैत्री वडा घोषणा गर्नुपर्ने भएकाले सो कार्यक्रम लगायत अन्य खर्च व्यवस्थापनको लागि आगामी गाउँसभाबाट अनुमोदन गराउने गरी तसिल बमोजिमका शीर्षकबाट रकमान्तर गरी पोषणमैत्री कार्यक्रम शीर्षकबाट खर्च गर्ने निर्णय गरियो।

तपसिल

| क्र स | शीर्षक | घटाउने | बढाउने शिर्षक | रकम |
|---|---|---|---|---|
| १ | कला संस्कृति | ९० हजार | पोषणमैत्री कार्यक्रम | ५ लाख |
| २ | ७५ % अनुदानमा पोषण मैत्रि विउ वितरण | १ लाख ५० हजार | | |
| ३ | अध्यक्ष कप | १ लाख | | |
| ४ | सहकारी व्यवस्थापन | १ लाख ६० हजार | | |
| ५ | डिमिरे खोला ग्याविन जाली निर्माण | २ लाख | डिमिरे खोला ग्याविन जाली जाली खरिद | २ लाख |
| ६ | पुतली बजार शारदा नदी ग्रावेल निर्माण | १ लाख | पुतली बजार देखि शारदा नदी नाला निर्माण | १ लाख |
| ७ | अन्य सार्वजनिक निर्माण | २ लाख | डिमिरे खोला काठे पुल मर्मत तथा घोरेटो बाटो मर्मत | २ लाख |
| ८ | आरन सुधार कार्यक्रम | १ लाख ५० हजार | चन्द्र बहादुर डाँगि स्मृति प्रतिष्ठान अनुदान | ५ लाख |
| ९ | विद्यार्थि संग पालिका कार्यक्रम | २ लाख ५० हजार | | |
| १० | भुमि आयोग बैठक | १ लाख | | |
| | चन्द्र बहादुर डाँगी स्मृती प्रतिष्ठान निर्माण | ५ लाख | आरन सुधार कार्यक्रम | ५ लाख |

**निर्णय नं ७**

कालीमाटी गाउँपालिकाको प्रथम पञ्च बर्षिय आवधिक योजना (२०८१/८२-०८५/०८६) को मस्यौदा माथि छलफल गरी आवश्यक परिमार्जन सहित स्विकृत गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित गर्ने

CamScanner